स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत कार्तिक ३० गते प्रदर्शनमा आएको फिल्म 'ह्रस्व दीर्घ'ले घरेलु बक्स अफिसमा सन्तोषजनक व्यापार ग¥यो । ६ करोडमा बनेको फिल्मले नेपालमै १० करोडमाथि कमाएको निर्माताको दाबी छ । भारतीय कम्पनी 'जी नेटवर्क'लाई ओटीटी राइट्स बेचेर निर्माताले नेपालको कमाइ र ओभरसिज राइट्सको रकम मुनाफाको रुपमा पाएका छन् । फिल्मकी निर्मात्री तथा अभिनेत्री नीता ढुंगानाले 'ह्रस्व दीर्घ २' बन्न लागेको जानकारी गराएकी हुन् । उनले भनिन्, 'अब 'ह्रस्व दीर्घ २'बनाउँछौं । हामी स्क्रिप्टको तयारी गर्दैछौं ।

**आजको विचार...**



कृष्ण...
(दुई पेजमा)

कमल रिजाल



अब धेरैपछि एउटा पूर्ण लभस्टोरी फिल्म प्रदर्शनमा आउँदैछ । त्यो हो, 'मायावी' । नामले नै फिल्म प्रेमकथामा बनेको प्रष्ट हुन्छ । यो फिल्म यही फागुन १४ गते (शिवरात्रि)देखि प्रदर्शन हुँदैछ । फिल्मको चार दिनअघि ट्रेलर सार्वजनिक गरिएको थियो । प्रेम र वियोग मिश्रित ट्रेलरलाई युट्युब जस्ता प्लेटफर्ममा रुचाइएको छ । युट्युबमा ११ लाख बढी भ्यूज पाइसकेको ट्रेलरलाई अब्बल प्रतिक्रिया मिलेको छ । कतिले प्रेमिल र वियोगान्त संवाद रुचाएका छन् भने कतिले पल शाहको अभिनयको प्रशंसा गरेका छन् । ट्रेलरका प्रतिक्रियाहरु हेर्दा फिल्म हेर्न दर्शकहरू अधैर्य रहेको देखिन्छ ।

❒ वर्ष ३० ❒ अंक २०६ ❒ २०८१ फागुन ६ गते मंगलबार 18 February 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# लुम्बिनी प्रदेशसभालाई प्रमको सम्बोधन

## देश विकास : आफै गर्नुपर्छ : प्रधानमन्त्री ओली

हाम्रा संवाददाता

**दाङ,** प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार लुम्बिनी प्रदेशसभामा सम्बोधन गरेका छन् । प्रधानमन्त्री ओलीले लुम्बिनी प्रदेश सम्वृद्ध प्रदेश भएको देख्न चाहेको बताए ।

प्रधानमन्त्री ओलीले, देश विकासका लागि सबैतहका सरकारहरुले जनताको साथ दिएर अगाडि बढ्नुपर्ने बताउँदै, विकास निर्माणका काम हामी नेपाली आफैले नगरेसम्म अरुको भरमा देश विकास सम्भव नहुने धारणा राख्दै नेपालको विकाशकालागि नेपाली आफै अग्रसर हुँनुपर्ने बताए ।

लुम्बिनी प्रदेश सभाको बैठकमा विशेष सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले कुनै पनि देश अर्काले आएर नबनाइ दिने हुनाले हामी आफैले बनाउनुपर्ने बताए । 'चालीस वर्ष अगाडि छिमेकी चीन गरिब मुलुक थियो, अहिले आफ्नै मेहनतले सम्पन्न भइसकेको छ । हामीले पनि प्रविधि प्रयोगको ल्याकत बढाएर आफैँले देशको विकास गर्नुपर्छ,' उनले भने, 'कुन ठाउँमा के उत्पादन हुन्छ भन्ने पहिचान गरेर ठूलो परिमाणमा खेती र उत्पादन गर्न सकेमा बजार पाइन्छ । त्यसकारण हामीले त्यस्ता उत्पादनमा लाग्नुपर्छ । उद्योगहरु स्थापनाका लागि लगानी विस्तार गर्नुपर्छ । त्यसका लागि सरकारको तर्फबाट सहजिकरण गर्नुपर्छ । तीन वटै तहका सरकार सहकार्यका साथ अगाडि बढ्नुपर्छ । केन्द्र सरकारले लगानी विस्तार र सूचना प्रविधि क्षेत्रको विकासका लागि विभिन्न अध्यादेश ल्याएको छ । कोही कसैले अरु कारणले विरोध गर्नु बेग्लै कुरा हो । आमरुपमा अध्यादेश प्रति उद्योगी, व्यवसायी र सूचना प्रविधि क्षेत्रमा नयाँ उत्साह ल्याएको छ । यसले स्वागत पाएको छ, भन्दै प्रधानमन्त्री ओलीले अव देश निर्माणका विषय वाहेक अरु फजुल विषयमा गफ गरेर समय काट्न नहुने धारणा व्यक्त गरे । प्रधानमन्त्री ओलीले प्रदेश सभालाई सम्वोधन गरेकोमा प्रदेशसभाले धन्यवाद पारित गरेको छ ।



**संक्षिप्त समाचार**

## तालिबान प्रतिनिधिमण्डल जापानको दुर्लभ यात्रामा

(रासस/एएफपी)

**काबुले,** फागुन ५/तालिबान सरकारको एक प्रतिनिधिमण्डलले सोमबार पहिलो पटक जापानको भ्रमण गरेको छ ।

तालिबान अधिकारीद्वारा विरलै देशबाहिर भ्रमण गर्ने गरेको पाइन्छ । उच्च शिक्षा, परराष्ट्र र अर्थ मन्त्रालयका अधिकारीहरू सम्मिलित अफगान प्रतिनिधिमण्डल शनिबार काबुलबाट एक हप्ता लामो भ्रमणमा जापान गएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । 'हामी बलियो, एकताबद्ध, उन्नत, समृद्ध, विकसित अफगानिस्तानका लागि र अन्तर्राष्ट्रिय समुदायको सक्रिय सदस्य बन्नका लागि विश्वसँग सम्मानजनक अन्तरक्रिया चाहन्छौं,' प्रतिनिधिमण्डलमा सहभागी अर्थ मन्त्रालयका उपमन्त्री लतिफ नजरीले शनिबार सामाजिक सञ्जाल एक्समा एक सन्देश जारी गर्दै भनेका छन् । तालिबान सरकारका अधिकारीले मध्य एसिया, रूस र चीनलगायत छिमेकी र क्षेत्रीय मुलुकहरूको नियमित भ्रमण गर्दै आएपनि ती मुलुकबाहेकका राष्ट्रमा विरलै भ्रमण गर्ने गरेका छन् ।

## प्रजातन्त्रको सम्मान गरौं

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

**प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं ।**

नेपाल सरकार

विज्ञापन बोर्ड

# सहकारी संस्थाको आयोजनामा कृषि मेला

**पाल्पा,** फागुन ५/तानसेन वडा-९को मदनपोखरा संगम बहुउदेश्यीय सहकारी संस्था लि.ले पहिलो पटक प्रर्वद्धनात्मक कृषि मेला गरेर नयाँ आयम थपेको छ । पाल्पा रुपन्देही, कपिलबस्तु र नवलपरासी र भारतको गोरखपुर सम्म पाल्पाको मदनपोखरा तरकारी उत्पादन र बजारीकरणमा धेरै वर्ष पहिलादेखि प्रख्यात छ ।

''कृषि उत्पादन बढाऔं परनिर्भरताको अन्त्य गरौं'' भन्ने सोंचका साथ आयोजना भएको मेलामा तानसेन नगरपालिका, बगनासकाली, र माथागढीका सयौं किसानहरु सहभागी भए । मेला र प्रदर्शनीले उत्पादनलाई बजारीकरण गर्न सहयोग पुगेको स्थानीय किसान उमा अर्यालले बताईन् । कृषि मेला उदघाटन समारोहका अतिथि सांसद ठाकुरप्रसाद गैरेले, कृषि क्षेत्रमा मदनपोखराले देशमै छुट्टै पहिचान बनाएकोले कृषि उत्पादनको आन्दोलन मदनपोखरेलीबाट सिक्नुपर्ने बताए । अर्का अतिथि पुर्वमन्त्री सोमप्रसाद पाण्डेले, कृषि मेलाले यो क्षेत्रमा नयाँ लहर ल्याउँन खोजेको बताए । कृषि प्रदर्शनी, रैथाने बाली प्रदर्शनी, प्रतियोगितात्मक बाखा, कुखुरा प्रदर्शनी, कृषियन्त्र उपकरण प्रदर्शनी, बीउ बिजन प्रदर्शनी तथा बिक्री वितरण गरिएको मदनपोखरा संगम बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष घनश्याम घिमिरेले बताए । लगानी कृषिमा गर्नुपर्छ भनेर संसदमा नीति, नियम बनाउँन र बजेट निर्माणमा दवाव दिन माटो, हावापानी सुहाउँदो विउ उत्पादनमा कृषकलाई क्षमतावान बनाउन राज्यलाई दवाव सिर्जना गर्न, कृषिमेला गरिएको तानसेन वडा ९ का वडाअध्यक्ष राजेशकुमार अर्याललले बताए ।



कृषि मेलामा अगुवा कृषकहरु प्रेमराज पंगेनी, गणेश भण्डारी, कौशलराज पौडेल,बलराम रेग्मी र उमापति पराजुली, विष्णु राना, जमुनादेबी न्यौपाने, सुरज सिंजाली थापा, पुर्णबहादुर सारु, केशव राज घिमिरे, उमा अर्याल, टोपबहादुर क्षेत्री, अर्जुन नेपाली, भीमकुमारी घिमिरे, रन सिं हितंगा, गीता नेपाल, गिरिराज पराजुली, झपेन्द्रप्रसाद तिमिल्सीना, शीला भट्टराईलाई सम्मान गरिएको थियो । यसै गरी राजु अधिकारी, गोबिन्द भण्डारी, माया पंगेनी, मोतीलाल गैरे, लिलानाथ तिमिल्सीना, उमेशराज घिमिरे, ठाकुरप्रसाद भट्टराई, रुद्रलाल पौडेल, जीवनाथ बराल, राजेश थापा, रविलाल बस्याल, नुरनाथ पंगेनी, कुसुम राना, टिकामाया राना, झविन्द्र बस्याल, रामप्रसाद भण्डारी समेतलाई पुरस्कृत गरिएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## संस्कार र कार्यशैली

राजनैतिक चरित्रमा देखा परेका अध्यारा वादलहरुका कारण मुलुकले प्राप्त लोकतन्त्रलाई जोगाउँन हम्मे-हम्मे भएको छ अहिले । नेपालको राजनैतिक पुष्ठभूमिमा देखा परेका अनेकन समस्याहरुका कारण पनि अहिले देशले प्राप्त लोकतन्त्र र जनताका आधारभूत मूल्य र मान्यतामा आधारित कार्यलाई बढावा दिन सकेको पाईदैन् । समस्यै समस्याको जटिल अवस्थाबाट अगाडि बढेको मूलकले पछिल्लो समयमा नेपालका नयाँ र पूराना दलहरुमा देखिएको अस्थिर राजनैतिक चरित्रका कारण गम्भीर आर्थिक संकट बेहोर्नु पर्ने कहाली लाग्दो अवस्था पनि विद्धमान रहेको छ ।

राजनेताले देश बनाउँन सक्छ, भन्ने कुराको ज्वलन्त उदाहरण अहिले अमेरिकी राष्ट्रपति ट्रम्पले गरेका निर्णयहरु आफैमा काफी छन् । निर्णय गर्ने अनि कार्यान्वयन नगर्ने बानीका कारण पनि हामी सबै समस्यामा परेका हौं । ती सबै समस्याहरुको पहिचान गरेर मात्र अगाडि बढ्ने हो भने, देश अहिल्यै पनि समस्यामा पर्दैन् र जनता सधै सुखी रही रहन्छन् । संघीयताबाट प्राप्त उपहार स्थानीय सरकारहरुका काम कार्यवाही आफैमा धेरै स्थानमा जनमुखि छन्, तर स्थानीय सरकारका जनप्रतिनिधी र कर्मचारीहरुका काम गर्ने शैली पुरानै भएका कारण पनि समस्याहरु बढ्दै गएका छन् । यी र यस्ता समस्या समाधानका लागि पुराना शैलीलाई फेरेर नयाँ शैलीको विकास गर्नुपर्ने हुन्छ । यस्तै धेरै समस्याहरुको समाधानका लागि प्रविधीसँगै शैली र कार्यदक्षताका आधारहरु तय गरेर अगाडि बढ्नुपर्छ । देश, २१ औं सताव्दीको युगलाई सुहाउँदो सेवा अनि सुविधाको शैलीलाई कार्यन्वयन गर्ने सोंच बन्ने हो,भने भौतिक र चेतनाको विकासमा कुनै पनि कमी आउँदैन । अन्यथा सधै आशे खेति बाहेक केही पनि हुन सक्दैन् । त्यसका लागि संस्कृतिको पहिचान र सभ्यताको आधारलाई मूलधारमा राखेर प्रविधि र सेवालाई जनमूखि बनाउँनुको विकल्प छैन् ।

### Opinion @ Social Network

अब म जिन्दगीको यस्तो मोडमा छु, जहाँ म कसैले पाठ सिकोस् भनेर उनीहरुबाट टाढा हुन्न, म उनीहरुबाट यस कारणले टाढा हुँन्छु, कि मैले सिक्नु पर्ने पाठ सिकिसकेँ !

*(साइग्रेस पोखरेलको फेसबुक पेज को स्टाटस https://www.facebook.com/saigraceofficial)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।


**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कृष्ण किन टेढो उभिन्छन् ?



कमल रिजाल



हामी कृष्णलाईं टेढो उभिने गरेको पाउँछौं । अहिलेसम्म उनको तस्वीर सोझो उभिएको कतै पाएका छैनौं । यस्तो किन होला ? कुनै रहस्य पनि होला कि त्यत्तिकै ? प्राय: सबैको मनमा उठ्ने सवाल हुन् यी तर, उत्तर खोज्न भने उनकै लीलालाई केलाउनुपर्ने हुन्छ । किनकि उनी आफैंमा टेढा छन्, टेढो हेर्छन्, टेढो गर्छन् । न उनलाई बुझ्न सकिन्छ न उनले गरेको गर्न सकिन्छ । सर्पको टाउकोमा पनि नाचिदिन्छन्, दवाग्नि (आगो) नै पान गरिदिन पनि पछि पर्दैनन् । दिनमा १३ पटक खाए पनि रोगी छैनन्, १६ हजार रानीको साथमा रहे पनि भोगी छैनन् । उल्टै योगेश्वर मानिन्छन् ।

त्यसैले उनले भनेको गर्ने हो, गरेको होइन । अन्यथा चौपट हुन्छ । होइन गर्ने नै मन भए त्यो पनि सकिन्छ तर, शुरू पुतनाबधबाट गर्नुपर्छ । किनकि उनले त्यस्तै गरेका थिए । पुतना भनेको पाप हो । जो पूत अर्थात् पवित्र छैन त्यही नै पुतना हो । पवित्र छैन भन्नुको अर्थ पापी छ भन्ने हो । जसको भित्र कालो र बाहिर सुन्दर देखिन्छ त्यही नै पुतना हो । पुतनाले कृष्णकहाँ जाँदा यस्तैरूप लिएकी थिई । दिन चतुर्दशी थियो, रूप भित्र कपट र बाहिर आकर्षक । चतुर्दशी भनेको १४ हो । यसको अर्थ हो पाप १४ स्थानमा बसेको हुन्छ- १९ इन्द्रिय र अन्तष्करण चतुष्टय अर्थात् मन, बुद्धि, चित्त र अहङ्कार । पापको निवास यिनै १४ स्थानमा हुन्छ ।

त्यसैले ऊ कृष्णलाई मार्न चतुर्दशी तिथिमा गएकी थिई तर, कृष्णले उसैलाई सिध्याइदिए । त्यसैले कृष्णले गरेको गर्ने हो भने शुरूवात त्यसैबाट गर्नुपर्छ, होइन सकिन्न भने उनले भनेको गर्नुपर्छ, जसको सङ्केत गीतामा गरेका छन् । हामीले पढ्ने, भन्ने, सुन्ने गरेका छौं कृष्णले गोकुलमा युवतीहरूको साथमा खेलेका थिए, रासक्रीडा गरेका थिए, १६१०८ रानीहरूको साथमा रमण गरेका थिए । हो, यसको अभिधा अर्थ यही हो, जुन भागवतमा उल्लेख गरिएको छ । तीमध्ये आठ वटीलाई अलगअलग विवाह गरेका थिए । १६१०० लाई एकै लगनमा तर, त्यो वास्तविकता होइन । कृष्णको रानी रुक्मिणी एउटै थिइन्, जो महालक्ष्मीको अंश मानिएकी छिन् । बाँकी सबै लक्षणा र व्यञ्जना हुन् ।

यिनमा आठ रानी भनेको अष्टधा प्रकृति हो । यिनमा पृथिवी, जल, तेज, वायु, आकाश, मन, बुद्धि र अहङ्कार पर्दछ, जसको उल्लेख गीतामा गरिएको छ । भूमिरापो˜ नलोवायु: खं मनो बुद्धिरेव च । अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा (गीता ७.४) यसको अर्थ हो जो उल्लिखित अष्टधा प्रकृतिको मालिक हो, जसले अष्टधा प्रकृतिलाई वशमा राख्न सकेको छ उही नै कृष्ण हो । त्यस्तै १६१०० भनेको वेदको उपासनापरक मन्त्र हुन्, जसलाई भौमासुरले बन्दी बनाएको थियो । अर्थात् दुष्ट बुद्धि भएको प्रशासकले दुरुपयोग गरेको थियो । वेदको एक लाख मन्त्रमा ८० हजार मन्त्र कर्मयोगसित सम्बन्धित छ । बाँकी २० हजारमा चारहजार ज्ञानयोग र १६ हजार उपासना योगसित सम्बन्धित छ । कृष्णले एकै लगनमा तिनको साथमा विवाह गरेका थिए भनेको तिनै १६ हजार वेदमन्त्रको उद्धार गरेका थिए, सदुपयोग गरेका थिए, सही लाइनमा ल्याएका थिए भन्ने हो । यसको व्याञ्जना अर्थ खोज्ने हो भने झन् अर्कै देखिन्छ । १६१०८ भनेको १६ हो- १+६+१+८=१६ । यसमा शून्यले चमत्कार गर्ने भनेको अर्को अङ्कको साथ पाउँदा मात्र हो । अन्यथा शून्य आफैंमा केही होइन । त्यसैले सो शून्यलाई कटाउँदा बाँकी हुने भनेको १६ नै हो । यसको अर्थ हो उनी सोह्रकलाले युक्त थिए भन्ने हो, जसमा ११ इन्द्रिय र पञ्चमहाभूत पर्दछन् । यसको उल्लेख व्यासजीले भागवतको शुरूमै गरेका छन् । 'जगृहे पौरुषं रूपं भगवान्महदादिभि: । सम्भूतं षोडाशकमादौ लोकसृसिक्षया । ( भागवत १।३।१) अर्थात् आदि कल्पमा लोकसृष्टिको कामनाले भगवान् ११ इन्द्रिय र पञ्चमहाभूतलाई साथमा लिएर प्रकट भएका थिए ।

अब आयो कृष्णले युवती गोपिनीहरूको साथमा श्रृङ्गारिक क्रीडा गरेका र रासमा रमाएका कुरा । यसका लागि पहिले गोपिनीहरूकै अर्थ बुझ्नुपर्ने हुन्छ । जसले गो अर्थात् इन्द्रियहरूद्वारा भक्तिरस पान गरेका छन् तिनै गोपिनी हुन् । उनीहरू पहिले दण्डकारण्यवासी ऋषिहरू थिए । उनीहरूले पूरा जीवन योग र तपस्यामा बिताउँदा पनि भगवान्लाई पाउन नसकेपछि गोकुलमा गोपिनी बनेर आएका थिए । त्यसैले उनीहरू कृष्णसँग अधरामृत माग्ने गर्थे । अधरामृत भनेको धरामा नभएको अलौकिक रस हो । न धरा अधरा, न धरामृत अधरामृत ।

रासलीलाको अर्थ पनि त्यस्तै हो । कृष्णले गोपिनीहरूको साथमा रासलीला गरे भन्नुको अर्थ युवतीको साथमा श्रृङ्गारिक लीला गरे भन्ने नभई काम विजयको लीला गरे भन्ने हो । एक पटक कामदेव कृष्णसित तपाईं र मेरो बीचमा मल्ल युद्ध हुँदा जसले जित्छ उसैले परमेश्वर बन्न पाउँछ भन्न आएका थिए । त्यतिबेला कृष्णले गोपिनीहरूको साथमा रासक्रीडा भएको बेला आउनु भनेको थिए । सोहीअनुसार यति बेला कामदेवले आएर वाँण चलाउँदा केही हारेर फर्केका थिए । यही नै कृष्ण टेढा छन्, टेढो गर्छन्, उनले गरेको गर्न सकिन्न भन्नुको अर्थ हो । यदि जीवनमा सुख चाहने हो भने कृष्णले गरेको होइन भनेको गर्नुपर्छ भन्ने हो । उनले भनेको गर्नुपर्छ भन्नुको अर्थ उनले गीतामा भनेका कुरा गर्नुपर्छ भन्ने हो । होइन गरेको काम गर्न थाल्ने हो भने ठाने हुन्छ पुन: ८४ को अध्याय शुरू हुँदैछ ।

**-लोकान्तर डटकम**

> *हामीले पढ्ने, भन्ने, सुन्ने गरेका छौं कृष्णले गोकुलमा युवतीहरूको साथमा खेलेका थिए, रासक्रीडा गरेका थिए, १६१०८ रानीहरूको साथमा रमण गरेका थिए । हो, यसको अभिधा अर्थ यही हो, जुन भागवतमा उल्लेख गरिएको छ । तीमध्ये आठ वटीलाई अलगअलग विवाह गरेका थिए । १६१०० लाई एकै लगनमा तर, त्यो वास्तविकता होइन । कृष्णको रानी रुक्मिणी एउटै थिइन्, जो महालक्ष्मीको अंश मानिएकी छिन् । बाँकी सबै लक्षणा र व्यञ्जना हुन् । यिनमा आठ रानी भनेको अष्टधा प्रकृति हो । यिनमा पृथिवी, जल, तेज, वायु, आकाश, मन, बुद्धि र अहङ्कार पर्दछ, जसको उल्लेख गीतामा गरिएको छ । भूमिरापो˜ नलोवायु: खं मनो बुद्धिरेव च । अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा (गीता ७.४) यसको अर्थ हो जो उल्लिखित अष्टधा प्रकृतिको मालिक हो, जसले अष्टधा प्रकृतिलाई वशमा राख्न सकेको छ उही नै कृष्ण हो ।*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। व्यापार व्यवसायमा मनग्य लाभ हात पर्नेछ। | **तुला** : राजनीतिक क्षेत्रमा नयाँ अवसर हरू मिल्ने योग छ । |
| **वृष** : प्रतिस्पर्धा र परीक्षामा सफलता पाइनेछ।गोप्य कुराहरू साझा नगर्नुहोस्। | **वृश्चिक** : परिश्रमको अनुरूप कार्यक्षेत्रमा सफलता मिल्नेछ । |
| **मिथुन** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । | **धनु** : कुनै कुराले मनमा शान्ति छाउनेछ। गरेका कामबाट राम्रै लाभ हुनेछ । |
| **कर्कट** : लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । अवसर प्राप्त होला । | **मकर** : दैनिक कार्यमा प्रगति हुनेछ । धर्मकर्ममा मन पनि लाग्नेछ । |
| **सिंह** : निर्णय कार्यान्वयन हुन सक्दैनन्। आत्मबलमा कमी आउने छ । | **कुम्भ** :रोकिएका कामहरू सुरु हुने छ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** :मनमा दुबिधा उत्पन्न हुनेछ । मतिभ्रष्ट हुने समय छ, सचेत रहनु होला । | **मीन** : जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ । |

# विज्ञान/सूचना प्रविधि

## अब एन्ड्रोइड प्रयोगकर्ताले पनि प्रयोग गर्न पाउनेछन् एप्पल टिभी

एप्पलको लोकप्रिय एप्पल टिभी एप अब एन्ड्रोइड प्रयोगकर्ताले पनि प्रयोग गर्न पाउने भएका छन् । एप्पलले एन्ड्रोइड प्रयोगकर्ताका लागि समेत आफ्नो टिभी एप लन्च गरेको हो । एप्पल टिभी एप्पलको स्ट्रिमिंग प्लाटफर्म हो ।



साधारणतया एप्पलले एन्ड्रोइडका लागि एप लन्च गर्दैन । कम्पनीले केवल आइओएस तथा म्याक ओएसका लागि मात्रै आफ्ना प्रडक्ट केन्द्रित गर्दछ । तर यसपटक भने एप्पल टिभी एप एन्ड्रोइडका लागि समेत जारी भएसँगै यसले सबैलाई अचम्ममा पारेको छ । एप्पलका अनुसार अब एप्पल टिभी एप विश्वभरका एन्ड्रोइड प्रयोगकर्ताका लागि उपलब्ध छ । यो एपको मद्दतले प्रयोगकर्ताले एप्पल टिभी प्लसमा रहेका सबै सामाग्री एन्ड्रोइड प्लाटफर्ममा पनि हेर्न सक्दछन् । तर यसका लागि एप्पल टिभीको सब्सक्रिप्सन लिनु पर्दछ । एप्पलका यी पाँच एपमात्रै एन्ड्रोइडमा छन् । एन्ड्रोइडका लागि एप्पलले उपलब्ध गराएका सर्भिसहरुको कुरा गर्दा केवल ५ वटा मात्रै एप्पलका यस्ता एप छन् जसले आइओएससँग एन्ड्रोइडमा पनि उपलब्ध छन् । यी एपमा Apple Music, Move to iOS, Apple TV, Beats tyf Apple Music Classical रहेका छन् ।

एप्पल टिभी प्लसलाई लिएर कम्पनी निकै उत्साहित पनि रहेको छ र यसलाई एन्ड्रोइडमा समेत लन्च गरेर एप्पलले बृहत बजारमा प्रभुत्व जमाउन चाहन्छ । स्मरण रहोस् एप्पलले विभिन्न हलिउड कलाकारहरुँग सहकार्य गरेको छ । कम्पनीले मौलिक सिर्जनामा पनि निकै धेरै काम गरिरहेको छ । एप्पल टिभी एप यो निशुल्क सेवा भने होइन, केवल एपमात्रै निशुल्क रुपमा डाउनलोड गर्न सकिन्छ । कन्टेन्ट हेर्नका लागि मासिक शुल्क तिर्नुपर्दछ । एप्पल टिभी प्लस एन्ड्रोइड प्लाटफर्ममा लन्च भएसँगै यसले अन्य ओटिटी प्लाटफर्महरुलाई टक्कर दिने अपेक्षा गरिएको छ ।

**-अनलाइन खबर डटकम**

## दक्षिण कोरियामा डीपीसिक डाउनलोड गर्नमा रोक

चिनियाँ कम्पनीले हालै मात्र एआई उद्योगमा तहल्का मच्चायो । कम्पनीको एआई मोडल जारी हुने यो निकै चर्चित भएको थियो । चर्चा चुलिएसँगै राष्ट्रिय सुरक्षातिर औँल्याउँदै अमेरिका, भारत लगायत केही देशले यसमा बन्देज लगाए ।




यसैबिच दक्षिण कोरियाले पनि डीपसिक निलम्बित गरेको छ । रोयटर्सलगायत अन्तर्राष्ट्रिय समाचार संस्थाहरूले छापेको समाचारका अनुसार दक्षिण कोरियाको डेटा संरक्षण प्राधिकरणले घरेलु एप स्टोरहरूमा डीपसिक डाउनलोडमा रोक लगाएको छ । डीपसिकले दक्षिण कोरियाको डेटा र सुरक्षाको नियम पूरै पालना नगरेको भनिएको छ । एप स्टोरमा डीपसिकको डाउनलोड निलम्बित गरिएको त्यहाँको पर्सनल इन्फर्मेशन प्रोटेक्शन कमिशनको उपाध्यक्ष चोई जाङ-ह्युकले पुष्टि गरेका छन् । अब नियामकले डीपसिक एपको डेटा संरक्षण नीतिको छानबिन गर्नेछ । यस क्रममा एपले स्थानीय गाइडलाइन्स पालना गरेको छ कि छैन भनेर हेरिनेछ । चिनियाँ स्टार्टअप कम्पनी डीपसिकको डीपसिक आर १ तर्कसङ्गत एआई मोडल हो । कम्पनीले करिब डेढ महिना अघि आर १ लाई लन्च गरेको थियो । आर १ चर्चित हुनुको एक कारण यसको मूल्य पनि हो । अमेरिकी एआई कम्पनी ओपनएआईले एआई ०१ बनाउन १५ डलर प्रतिमिलियन इनपुट टोकन र ६० डलर प्रति मिलियन टोकन खर्च गरेको थियो । तर डीपसिक आर१ को मूल्य ५५ सेन्ट प्रति मिलियन इनपुट टोकन र २ डलर १९ सेन्ट प्रति मिलियन टोकन खर्च गरेको थियो ।

**-रातोपाटी डटकम**

## सौर्य ऊर्जा विकासका लागि कार्यविधि संशोधन

ऊर्जा मिश्रणको अवधारणालाई थप विस्तार गरी लगानी प्रवर्द्धन गर्ने लक्ष्यका साथ विद्युत् विकास विभागले 'ग्रीड कनेक्टेड वैकल्पिक विद्युत् विकाससम्बन्धी कार्यविधि, २०७८' संशोधन गरेको छ ।

वैकल्पिक विद्युत् उत्पादन आयोजना र यससँग सम्बन्धित प्रसारण लाइनलाई राष्ट्रिय ग्रीडमा जोड्न, सरल, सहज र पारदर्शी तुल्याई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकाले विद्युत् नियमावली, २०५४ अनुसार उक्त कार्यविधि संशोधन गरिएको विभागका महानिर्देशक नवीनराज सिंहले जानकारी दिए । यसअघि सरकारले २०७८ वैशाख १३ गते उक्त कार्यविधि कार्यान्वयनमा ल्याएको थियो ।

कार्यविधिअनुसार एक मेगावाटसम्म क्षमता भएका वैकल्पिक विद्युत् आयोजनाका हकमा राष्ट्रिय ग्रीडमा आवद्ध हुन चाहने प्रवर्द्धकले नेपाल विद्युत् प्राधिकरणमा निवेदन पेस गर्दा विद्युत् उत्पादनको अनुमति लिएको हुनुपर्ने छ । तर घरेलु सौर्य ऊर्जा प्रणालीबाट उत्पादित सौर्य विद्युत्को 'नेट मिटरिङ' गर्दा विद्युत् उत्पादनको अनुमति आवश्यक नपर्ने प्रबन्ध गरिएको छ । आयोजनाका लागि आवश्यक जग्गा, बाटो, विद्युत् जडान बिन्दुसम्म प्रसारण लाइन आदिको व्यवस्था प्रवर्द्धकले गर्नुपर्ने उल्लेख छ । सरकारी जग्गाको हकमा सैंघ सरकार, प्रदेश सरकार तथा स्थानीय तहबीच आवश्यकतानुसार समन्वय र सहजीकरण गर्ने व्यवस्था कार्यविधिमा छ । कार्यविधिमा एक मेगावाटभन्दा बढी क्षमताका सौर्य विद्युत् आयोजनाको विद्युत् सर्वेक्षण र निर्माण गर्न प्रवर्द्धकले नियमावली र निर्देशिकामा तोके बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ ।

प्रस्तावित क्षेत्रमा सौर्य विद्युत् आयोजना विकास गर्न हुने भनी सम्बन्धित वडा वा स्थानीय तहको सिफारिसपत्र र निकुञ्ज तथा आरक्षण क्षेत्रको हकमा वन तथा वातावरण मन्त्रालयको सिफारिसपत्र प्रवर्द्धकले पेस गर्नुपर्ने उल्लेख छ । कार्यविधि अनुसार विद्युत्को खरिददर निर्धारण गर्दा आयोजनाको लागत, ऋणको ब्याजदर, ह्रासकट्टी, स्वलगानी प्रतिफल, साधारण खर्च, सञ्चालन खर्च, मर्मत खर्च, आम्दानी, कर, थप पुँजी, ऋण र पुँजीको अनुपात, उपकरणको लागत, ब्याट्री सञ्चित क्षमता आदिलाई आधार लिन सकिने छ ।

नेपाल विद्युत् प्राधिकरणले हिउँदको माग सम्बोधन गर्ने लक्ष्यका साथ झण्डै एक हजार मेगावाट क्षमताको सौर्य ऊर्जा परियोजना विकास गर्न प्रक्रिया अगाडि बढाएको छ । निजी क्षेत्रका प्रवर्द्धकलाई बोलकबोलका माध्यमबाट विद्युत् खरिद सम्झौताका लागि प्रस्ताव पेस गर्न प्राधिकरणले आग्रह गरेको थियो । सोहीबमोजिम प्रक्रियासमेत अगाडि बढिसकेको छ । आयोजनाको सर्वेक्षणका हकमा सिँचाइयोग्य भूमि रहे-नरहेको सिफारिस कसले गर्ने भन्नेबारेमा केही अस्पष्टता रहँदै आएको थियो । विभागले पछिल्लो कार्यविधिअनुसार उक्त अस्पष्टतालाई सम्बोधन गरिएको स्पष्ट पारेको छ । कार्यविधि संशोधनसँगै सौर्य ऊर्जा परियोजना अगाडि बढाउन मार्गप्रशस्त भएको छ । विभागमा कुल सात सय चार मेगावाट क्षमताका ३३ सौर्य परियोजनाले सर्वेक्षण अनुमति लिएका छन् ।

सात सय १७ मेगावाट क्षमताका ३५ आयोजनाले सर्वेक्षणका लागि आवेदन दिएका छन् । त्यसैगरी ७७ मेगावाट क्षमताका नौ आयोजनाले निर्माणका लागि अनुमति लिएका छन् । यसैगरी निर्माण अनुमतिका लागि ५९ दशमलव छ मेगावाट क्षमताका १० परियोजनाको आवेदन परेको छ । विभागका अनुसार हाल एक सय छ दशमलव सात मेगावाट क्षमताका २१ परियोजना सञ्चालनमा छन् । त्यसमध्ये प्राधिकरणले नुवाकोटमा सञ्चालन गरेको सौर्य ऊर्जा परियोजना सबैभन्दा ठूलो रहेको छ । सो आयोजनाको क्षमता २५ मेगावाट बराबर छ । **-रासस**

## सामसङ 'ग्यालेक्सी एसर२५' सिरिज नेपाली बजारमा

सामसङ नेपालले आफ्नो ग्यालेक्सी एसर२५ सिरिजको प्रि-अर्डरमा नयाँ रेकर्ड कायम भएको घोषणा गरेको छ । ग्यालेक्सी एसर२४ सिरिजको तुलनामा यस पटकको प्रि-अर्डर ६० प्रतिशतले बढी भएको कम्पनीको भनाइ छ । अब यी स्मार्टफोनहरू नेपाली बजारमा खरिदका लागि उपलब्ध छन् ।




सामसङ र गुगल एपहरूबीच सहज अन्तर्क्रिया गर्न झन् सरल बनाउन वन युआई ७ को साथमा जेमिनी अब ४६ भाषामा उपलब्ध छ । सामसङ नेपालका निर्देशक प्रणय रत्न स्थापितले भने, 'हामी हाम्रो नयाँ एस सिरिज-ग्यालेक्सी एसर२५ अल्ट्रा, ग्यालेक्सी एसर२५+ र ग्यालेक्सी एसर२५ को अपार लोकप्रियताका लागि अत्यन्त खुसी छौँ र फदयदेखि नै धन्यवाद व्यक्त गर्न चाहन्छौँ । यी स्मार्टफोनहरूले वास्तविक एआई सहायकको नयाँ मापदण्ड स्थापित गर्दै प्रयोगकर्ताहरूलाई सहज र सन्दर्भ अनुकूल मोबाइल अनुभव प्रदान गर्छन्।' 'हामीलाई विश्वास छ कि ग्यालेक्सी एसर२५ सिरिजले प्रयोगकर्ताहरूको दैनिक जीवनलाई अझ सहज बनाउने एआई समाधानहरू अपनाउन प्रेरित गर्नेछ,' उनले थपे । ग्यालेक्सी एसर२५ सिरिजमा एआई एजेन्टहरू वन युआई ७ प्लेटफर्मसँग मिलेर काम गर्छन्, जसले विभिन्न एपहरूबीच सहज रूपमा जटिल कार्यहरू गर्न मद्दत गर्छ । यसमा भएको नाउ ब्रिफले दिनभरीको लागि आवश्यक हुने सुझावहरू प्रदान गर्छ भने नाउ बारले फोनमा चलिरहेका सबै गतिविधिहरूको लागि एकै ठाउँमा पहुँच दिन्छ । लेखनलाई प्रभावकारी बनाउने राइतिंग असिस्ट देखि रचनात्मकतालाई नयाँ उचाइमा पुऱ्याउन ड्रइंग असिस्टसम्म, ग्यालेक्सी एआईको विस्तारित क्षमताहरूले प्रयोगकर्ताहरूलाई हरेक दिन नयाँ अनुभव दिनेछ । यस सिरिजमा अन्तर्क्रियाहरू झन् स्वाभाविक भएका छन्। एक मात्र आदेश दिएर जेमिनीले तपाईँको मन पर्ने सपोर्टस् टिमको स्केजुअल खोजेर तपाईको सामसङ क्यालेन्डरमा थप्न सक्छ । साथै, गुगलको इनहान्स गरिएको सर्कल टु सर्चले अब एआई ओभरभीउहरू र एक-ट्याप एक्सनहरू मार्फत झन् उपयोगी जानकारी प्रदान गर्छ । ग्यालेक्सी एस २५ सिरिजमा प्रयोग भएको ग्यालेक्सीको लागि बनेको स्न्यापड्रागन ८ एलिटले अन-डिभाइस प्रोसेसिङलाई उच्च बनाउँदै अधिक प्रतिक्रियाशील एआई अनुभव प्रदान गर्ने बताइएको छ । ग्यालेक्सीका लागि विशेष रूपमा कस्टमाइज गरिएको प्रोस्केलर र सामसङ डिजिटल न्याचुरल इमेज इन्जिन (एमडिएनआइई) प्रविधिले एआई-आधारित इमेज प्रोसेसिंगमा सुधार गर्छ र ब्याट्री खपतलाई प्रभावकारी बनाउँछ । ग्यालेक्सी एस २५ अल्ट्राको नयाँ ५० एमपी अल्ट्रावाइड क्यामेराले हरेक कोणबाट अद्वितीय स्पष्टताका साथ फोटो खिच्ने क्षमता दिन्छ । भरचुअल अप्यारेचार र सामसङ लग जस्ता प्रो-ग्रेड कन्ट्रोलहरूले फोटो तथा भिडिओहरूलाई सिनेम्याटिक बनाउने बताइएको छ । सामसङले ग्यालेक्सी एस २५ सिरिजका सबै स्मार्टफोनहरूमा ६ महिनासम्म जेमिनी एडभान्स्ड सेवा र २ टिबी क्लाउड स्टोरेज नि:शुल्क प्रदान गर्नेछ । फागुन २ गतेदेखि ग्यालेक्सी एसर२५ सिरिज सबै सामसङ आधिकारिक स्टोरहरूमा उपलब्ध हुनेछन् ।

ग्यालेक्सी एस २५ अल्ट्रा टाइटेनियम सिल्भरब्लु, टाइटेनियम ब्ल्याक, र टाइटेनियम ह्वाइटसिल्भर रङ्गमा उपलब्ध हुनेछ । ग्यालेक्सी एस २५+ र ग्यालेक्सी एसर२५ नेभी, सिल्भर श्याडो, र आइसिब्लु रंगमा उपलब्ध हुनेछन् । ग्यालेक्सी एस २५ अल्ट्रा टाइटेनियम सिल्भरब्लु, टाइटेनियम ब्ल्याक, र टाइटेनियम ह्वाइटसिल्भर रंगमा उपलब्ध छ । ग्यालेक्सी एसर२५ र ग्यालेक्सी एस २५+ नेभी, सिल्भर श्याडो, र आइसिब्लु रंगमा उपलब्ध छन् । ग्राहकहरूले सामसङका उपकरणहरू सजिलै इएमआईमा प्राप्त गर्न सक्छन्, जसको सुरूवात पाँच हजार २५० रूपैयाँमा शून्य प्रतिशत ब्याजमा उपलब्ध हुन्छ । इएमआईमा यो स्मार्टफोन किन्नका लागि नागरिकता मात्र भए हुने कम्पनीको भनाइ छ ।

**-सेतोपाटी डटकम**

## सञ्चार मन्त्रालयमा तीनवटा मात्रै सामाजिक सञ्जाल दर्ता, कर तिर्ने भने दर्जन बढी

सरकारले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमनको व्यवस्थाका लागि तयार पारेको विधेयक यतिबेला राष्ट्रियसभामा दर्ता छ । दर्ता विधेयकको दफा २ मा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने व्यवस्था छ । 'प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले यस ऐनबमोजिम प्लेटफर्म सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्नेछ,' सामाजिक सञ्जाल ऐन, २०८१ को मस्यौदामा उल्लेख छ ।




यसअघि नै कार्यान्वयनमा रहेको सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० ले पनि दर्ता हुनुपर्ने व्यवस्था गरेको थियो । निर्देशिकाको तीन नम्बर बुँदामा सामाजिक सञ्जाल प्लेटफर्म सूचीकरण हुनुपर्ने व्यवस्था छ । निर्देशिकाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा र विधेयकले मन्त्रालय अन्तर्गतको विभागमा सामाजिक सञ्जाल प्लेटफर्म दर्ता हुनुपर्ने व्यवस्था गरेको छ । तर, हालसम्म नेपालमा तीनवटा मात्रै सामाजिक सञ्जाल कम्पनी मन्त्रालयमा दर्ता भएका छन् । मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले टिकटक, विटक र भाइबर तीन वटा प्लेटफर्म हालसम्म दर्ता भएको बताएका छन् । 'हालसम्म तीनवटा मात्रै दर्ता भएका छन् । सञ्चालनमा रहेका तर दर्ता नभएका अन्यको हकमा विस्तारै सरकारले निर्णय गर्ला, कानुन पनि बन्दै छ,' प्रवक्ता ठाकुरले भने । नेपालमा लाखौं, करोडको संख्यामा प्रयोगकर्ता रहेका र ठूलो कारोबार समेत गर्ने फेसबुक, इन्स्टाग्राम, टिकटक, ट्विटर, ह्वाट्सएप, स्न्यापच्याट, लिंक्डइनजस्ता प्लेटफर्म भने अझै दर्ता भएका छैनन् । यस्ता धेरै कम्पनीले ठूला करदाता कार्यालयमा डिजिटल सेवा कर भने तिरेका छन् । कार्यालयका अनुसार गुगल, मेटा, टिकटक, माइक्रोसफ्ट, एडोबी, नेटफ्लिक्स, अमेजन, एप्पलजस्ता सामाजिक सञ्जाल एवं प्रविधि कम्पनीले गएको आर्थिक वर्ष २०८०/०८१ मा करिब ४१ करोड रुपैयाँ डिजिटल सर्भिस ट्याक्स तिरेका हुन् । विश्वका ठूला सामाजिक सञ्जाल एवं सूचना प्रविधि कम्पनीले नेपालमा विद्युतीय सेवा उपलब्ध गराएर एक वर्षमा पौने तीन अर्ब रुपैयाँ कारोबार गरेका छन् । गत आर्थिक वर्ष २०८०/८१ मा गरेको उक्त कारोबारबापत ती कम्पनीले साढे ४१ करोड कर तिरेका छन् । कर तिर्नेमध्ये एक अमेरिकी कम्पनी एक्लैले अधिकतम झन्डै एक अर्ब ३१ करोड रुपैयाँसम्म कारोबार गरेको छ । नेपालमा सेवा दिइरहेका यस्ता १९ विदेशी कम्पनी आन्तरिक राजस्व विभागमा प्यान नम्बर समेत लिएर दर्ता छन् । यी कम्पनीले गत आर्थिक वर्षमा करिब दुई अर्ब ७५ करोड रुपैयाँको कारोबार गरेको कार्यालयले जनाएको छ । मन्त्रालयले सूचीकरण, दर्ता एवं अनुमति मागन खोजिरहेको बढीजसो सामाजिक सञ्जाल कम्पनीहरू ठूला करदाता कार्यालयमा भने कर तिरिरहेको देखिन्छ । **-बाह्रखरी डटकम**

# कुम्भमेला तिर्थालुको गाडी दुर्घटना
## रुपन्देहीका तीनको मृत्यु




**बुटवल,** फागुन ५/रुपन्देहीको देवदहबाट भारतको कुम्भमेला स्नान गर्न गएका तिर्थ यात्रु सवार गाडी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा देवदह नगरपालिका वडा नं ९ निवासी ४५ वर्षीय गणेश खनाल, उनकी श्रीमती ३५ वर्षीय दिपा खनाल र ४० वर्षिया गीता शर्मा रहेका छन् ।

कुम्भमेलाबाट फर्किंदै गर्दा भारत उत्तर प्रदेशको आजमगढ बाराणसी रोडको डिभाइडरमा ठोक्किएर गाडी दुर्घटना भएको हो । दुर्घटनामा परी सवारी चालकसहित पाँच जना घाइते भएका छन् । देवदह नगरपालिकाका प्रवक्ता गणेश डुम्रेले ३ जनाको मृत्यु भएको जानकारी प्राप्त भएको बताए । उनले भने, 'पूर्व वडाध्यक्ष पनि अर्को गाडीमा जानुभएको रहेछ । उनका अनुसार दुर्घटनामा मृत्यु भएकाहरुका बारेमा थाहा पाएको हौँ । अन्य कुरा बुझ्ने काम हुँदैछ ।' दुर्घटनामा घाइते हुनेहरूमा देवदह-९ भलुहीकी कोपिला पोखरेल, उनका छोरा सुभम पोखरेल, आविष्कार पराजुली, यमकलादेवी मगर र सवारी चालक भारतीय नागरिक रितेश दुबे रहेका छन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका एसपी रञ्जितसिंह राठौरले ३ जनाको मृत्यु भएको भारतीय प्रहरीले पुष्टि गरेको जानकारी दिए । घटनाको विस्तृत विवरण बुझ्ने काम भइरहेको उनले बताए ।

# गुल्मी अस्पतालमा विद्युतीय अभिलेख प्रणाली शुरु

**विजय बौडेल**



**गुल्मी,** गुल्मी अस्पताल तम्घासमा विश्व स्वास्थ्य संगठन नेपालको सहयोगमा पहिलो पटक विद्युतीय चिकित्सा अभिलेख प्रणाली सुरु गरियो । प्रणालीको लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले एक समारोह बीच शुरु गरेका हुन् ।

लुम्बिनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले प्रदेश सरकार जनताप्रति जवाफदेही भएको बताउँदै, ५५ बुँदे लक्ष्यका साथ सुशासन कायम गर्न स्वास्थ्य मन्त्रालय लागिपरेको बताए । मन्त्री सारुले मन्त्रालय मातहतका गाडीमा जिपीएस जडान, नागरिक वडापत्र, अस्पतालका चिकित्सकहरुको प्राईभेट अस्पतालहरुको बोर्डमा नाम राख्न रोक जस्ता कामहरु प्रभावकारी बन्दै गएको बताए । ५० शैया रहेको गुल्मी अस्पतालमा अर्घाखाँचील, प्यूठान, बाग्लुङ लगायत छिमेकी जिल्लाका बीरामीले सेवा लिदै आएका छन् । प्रदेशसभाका सांसद डिल्लीराज भुषालले अस्पतालको विकासमा आफूले सहकार्य गर्दै आएको बताए । कार्यक्रममा रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले दुई महिना भित्र अस्पताल निर्माण सक्ने योजनाका साथ आफुहरु अगाडी बढेको बताए । प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव बासुदेव उपाध्यायले दुर्गम जिल्लाका अस्पतालमा जनशक्तिको समस्या रहेको धारणा व्यक्त गरे । स्वास्थ्य निर्देशनालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक रोशनलाल चौधरीले अस्पतालले राम्रो सेवा दिन्छ भन्ने छनक दिएको बताए । गुल्मी अस्पताल विकास समितिका अध्यक्ष गोपालप्रसाद पाण्डेयको सभापतित्वमा भएको कार्यक्रममा गुल्मी अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेण्ट बैभव बस्यालले न्यूनतम सेवा मापदण्ड कार्यक्रम र सेवाका विषयमा जानकारी दिए ।

## खेलकुद समाचार

### इङ्लिस प्रिमियर लिगमा टोटनहम र लिभरपुल विजयी



**काठमाण्डौं,** फागुन ५/इङ्लिस प्रिमियर लिग (ईपीएल) फुटबलमा टोटनहम हट्सपरले म्यानचेस्टर युनाइटेडलाई हराएको छ । खेलमा टोटनहमले म्यानचेस्टर युनाइटेडलाई १-० गोल अन्तरले हराएको हो ।

टोटनहम ३० अंकका साथ १२ औं स्थानमा छ भने म्यानचेस्टर युनाइटेड २९ अंकसहित १५ औं स्थानमा छ । यस्तै यसअघि भएको अर्को खेलमा लिभरपुलले वुल्भ्सलाई २-१ गोल अन्तरले हराएको छ । योसँगै प्रिमियर लिगमा लिभरपुल ६० अंकसहित तालिकाको शीर्ष स्थानमा छ । आर्सनल ५३ अंकसहित दोस्रो र नटिंम फरेस्ट ४७ अंकसहित तेस्रो स्थानमा छन् । वुल्भ्स भने १९ अंकका साथ १७ औं स्थानमा छ ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा २९ दशमलव ८७ अङ्कको वृद्धि



**काठमाडौं,** फागुन ५/यो साता कारोबारको लगातार दोस्रो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बढेको छ । सोमबार नेप्से २९ दशमलव ८७ अंकले बढेर दुई हजार सात सय २७ दशमलव ९१ को बिन्दुमा कायम भएको हो । यो एक दशमलव १० प्रतिशतको वृद्धि हो ।

सोमबार तीन सय दुई कम्पनीको एक करोड ८० लाख ८१ हजार एक सय ६८ कित्ता शेयर एक लाख दुई हजार आठ सय ६१ पटक खरिदबिक्री हुँदा रू १० अर्ब चार करोड ९६ लाख ५४ हजार आठ सय ३२ बराबरको कारोबार भएको छ । कारोबारमा बैंकिङ दुई दशमलव १६, होटल तथा पर्यटन दुई दशमलव २९, लघुवित्त दुई दशमलव ४५ र अन्य समूह दुई दशमलव ४७ प्रतिशतले बढेको छ । त्यस्तै विकास बैंक शून्य दशमलव ३३, लगानी शून्य दशमलव २०, जीवन बीमा शून्य दशमलव ८९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७७, म्युचुअल फन्ड शून्य दशमलव ५२ र निर्जीवन बिमा समूह एक दशमलव ०७ प्रतिशतले बढेको छ । तीन वटा समूहको उपसूचक भने घटेको छ । वित्त समूह शून्य दशमलव ८४, जलविद्युत् शून्य दशमलव १५ र व्यापार समूह एक दशमलव २७ प्रतिशतले घटेको छ । छ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, कुथेली बुखारी स्मल हाईड्रोपावर लिमिटेड, स्कल डेभलपमेन्ट बैंक लिमिटेड, गार्डियन माईक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र दिव्येश्वरी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धेरै नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको रू ३२ करोड ७४ लाख ३५ हजार तीन सय ५५ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने कुमारी बैंक लिमिटेडको सबैभन्दा धेरै चार करोड १६ लाख तीन सय ४९ कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


# जलवायु परिवर्तनको बढी असर महिलालाई

**काठमाडौं,** फागुन ५/ सरोकारवालाहरुले जलवायु परिवर्तनले पारेको प्रभावको मुख्य असर महिलामा परेको भन्दै उनीहरुलाई जलवायुको असरबाट बच्न क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिएका छन् ।

एसिया र प्रशान्त क्षेत्रका लागि क्षेत्रीय सामुदायिक वन तालिम केन्द्रले सोमबार राजधानीमा आयोजना गरेको 'लैङ्गिक समानता र वन तथा जलवायु परिवर्तनमा नेतृत्वको प्रवर्द्धन' अन्तर्राष्ट्रिय गोष्ठीको उद्घाटन सत्रमा सरोकारवालाहरुले जलवायुजन्य सङ्कटको चपेटामा महिलाहरु परिरहेको बताएका हुन् । पूर्वमन्त्री तथा जलवायु लैङ्गिक अभियन्ता डा. बिमला पौड्याल राईले जलवायु परिवर्तनको मुख्य असर कृषि, ऊर्जा, खानेपानीलगायत क्षेत्रमा पर्दै गइरहेको उल्लेख गरिन् । उनले असर न्यूनीकरण तथा अनुकूलनका लागि मुख्यगरी महिलाहरुको क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिईन् । 'जलवायुले पारेको प्रभावका क्षेत्रहरु कृषि तथा खानेपानीमा धेरै महिला प्रत्यक्ष रुपमा जोडिएका छन्', उनले भनिन्, 'यी क्षेत्रमा जलवायुले पारेको प्रत्यक्ष असर महिलालाई पनि परेको हुन्छ, पानीको मुहान सुक्दा टाढा-टाढासम्म महिलाहरु पानी लिन जानुपर्ने हुन्छ ।' राईले जलवायुजन्य सङ्कटले ल्याएका प्राकृतिक विपद्ले विद्यालयका भौतिक संरचनाहरुलाई क्षति पुऱ्याउँदा शैक्षिक क्षेत्रमा समेत असर गरिरहेको बताईन् । सरकारका आगामी नीति तथा कार्यक्रमहरु जलवायु लैङ्गिक उत्तरदायी हुनुपर्ने उनको भनाइ छ ।

जलवायु परिवर्तनका असरका कारण अपाङ्गता भएका व्यक्तिहरुलाई पनि असर परिरहेको भन्दै जलवायु अनुकूलनमा उनीहरुको क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने धारणा राखे । वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रका प्रमुख नवराज पुडासैनीले वन तथा जलवायुको क्षेत्रमा महिलाहरुको नेतृत्वदायी भूमिका बढाउन सकेमा लैङ्गिक जलवायु न्याय सुनिश्चित गर्न सम्भव हुने भनाइ राखे । नेपालका लागि स्वीडेनका महावाणिज्य राजदूत मौसमी श्रेष्ठले जलवायु लैङ्गिक न्यायका लागि नेतृत्वदायी भूमिका महिलाको सहभागिता जरुरी रहेको बताए । जलवायुविद् डा.सिर्जना बरालले प्राकृतिक स्रोत व्यवस्थापनको नेतृत्वदायी भूमिकामा महिलाको सहभागिता अनिवार्य हुनुपर्ने बताए ।

जलवायु परिवर्तनसम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७) ले पनि व्यक्ति, परिवार वा समुदायको अनुकूलन क्षमता स्रोतमाथिको पहुँच, जीविकोपार्जनको रणनीति तथा निर्णय प्रक्रियामा रहने सहभागिताले निर्धारण गरेको प्रस्ट पारेको छ । कार्ययोजना अनुसार नेपालमा जलवायु परिवर्तनको असर र प्रभाव विशेषगरी महिला, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक र सीमान्तकृत समुदाय तथा भौगोलिक विकटताका क्षेत्रमा बढी परेको छ । 'महिला तथा सीमान्तकृत समुदायहरूको जीविकोपार्जन तुलनात्मक रूपमा प्राकृतिक स्रोतमा बढी निर्भर रहेको र यी स्रोतहरू जलवायु परिवर्तनका असरप्रति अति संवेदनशील रहेका कारण स्रोतहरूको उपलब्धता र गुणस्तरमा आएको क्रमिक ह्रास एवं क्षतिका कारणले ती समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको छ', कार्ययोजनामा उल्लेख छ,'साथै जीविकोपार्जनका वैकल्पिक अवसरहरूको अभावका कारण उनीहरू परिवर्तित प्रतिकूल परिस्थितिको सामना गर्न असमर्थ हुने गरेका छन् ।' कमजोर आर्थिक, सामाजिक अवस्था, समाजमा स्थापित परम्परागत लैङ्गिक भूमिका, सेवामूलक घरायसी कार्यको जिम्मेवारी, स्रोत तथा सेवामा असमान पहुँच, फरक एवं विशिष्ट शारीरिक र स्वास्थ्यसम्बन्धी आवश्यकता, जीविकोपार्जनका अवसरको सीमितता, निर्णय प्रक्रियामा सहभागिताको कमीलगायत विभेदपूर्ण सामाजिक, सांस्कृतिक मान्यता तथा नीतिगत व्यवस्थाहरू नै लैङ्गिक असमानताका प्रमुख कारक तत्व रहेको उल्लेख छ । -रासस


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई